**धनगढी उप महानगरपालिका**

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| **खण्डः ०४** | **संख्याः ०२** | **मितिः २०७७/०३/१०** |

## भाग-१

**धनगढी उप-महानगरपालिका**

## धनगढी उप-महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७

**नगर सभाबाट प्रमाणीकरण मिति : २०७७/०३ /१०**

**स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७७/०३/१०**

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम धनगढी उप-महानगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

धनगढी उप-महानगरपालिका राजपत्र

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम **"धनगढी उप-महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७"** रहेको छ।

(२) यो ऐन धनगढी उप-महानगरपालिका क्षेत्रभित्र राजपत्रमा प्रकाशन भए पछि लागू हुनेछ।

२. **परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"ऐन"** भन्नाले धनगढी उप-महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ सम्झनु पर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले धनगढी उप-महानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) **"उप-महानगरपालिका" वा "नगरपालिका"** भन्नाले धनगढी उप-महानगरपालिका सम्झनु पर्छ।

(घ) **"सभा"** भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।

( ङ ) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

३. **नियम बनाउने अधिकार :** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त धनगढी उप-महानगरपालिकाको नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही धनगढी उप-महानगरपालिकाको नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका,नियमावली, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ।

५. **बचाउँ :** नगरपालिकाले यस पूर्व बनाएका ऐन, नियम, निर्देशिका, कार्यविधिर मापदण्ड यसै बमोजिम भए गरेको मानिनेछ। साथै यस ऐन संग अव उप्रान्त बाझिएका ऐन, कानून, नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बाझिएको हद सम्म अमान्य हुने छन्।

**आज्ञाले,**

**नारायण प्रसाद सापकोटा**

**प्रमुख प्रशासकीय अधिकृत**

**धनगढी उप-महानगरपालिकाको कार्यालय**

धनगढी उप-महानगरपालिका राजपत्र